# हस्तकला समाचार मुखपत्र

नेपाल हस्तकला महासंघ

वर्ष १५ | आषाढ २०६५ | अंक ८९


## पूर्व बजेट सम्बन्धी अन्तरक्रिया

*हस्तकला उद्योग व्यवसायको व्यवस्थित विकास तथा तिनको निकासी प्रबर्द्धन गर्न नेपाल हस्तकला महासंघले स्थापनाकालदेखि विभिन्न क्रियाकलाप संचालन गर्दै आएको छ । यस सन्दर्भमा हस्तकला क्षेत्रमा विद्यमान समस्या समाधान गर्न, हस्तकला उद्यमी व्यवसायीहरुको हित प्रबर्द्धन लगायत हस्तकलाको निकासी प्रबर्द्धन तथा सहजीकरणका लागि महासंघले समयसापेक्ष आवश्यक पहल गर्दै आएको छ। यसै सिलसिलामा सरकारको आगामी बजेटमा हस्तकला क्षेत्रको समग्र विकास तथा विद्यमान समस्या निराककरण एवं उपयुक्त नीतिगत व्यवस्थाका लागि हस्तकला उद्यमी व्यवसायी तथा निकासीकर्ताहरुबाट राय सुझावहरु संकलन गर्ने उद्देश्यले यस महासंघद्वारा २०६५ जेष्ठ ९ गते काठमाडौंमा पूर्व बजेट सम्बन्धी अन्तरक्रिया आयोजना गरियो ।*

कार्यक्रमको प्रारम्भमा उपस्थित सबैलाई स्वागत गर्दै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो। यस क्रममा उहाँले हस्तकला उद्यमी व्यवसायीहरुको आफ्नो अथक प्रयास तथा महासंघको पहलबाट हस्तकला क्षेत्र वर्तमान परिस्थितिसम्म पुग्न सफल भएको चर्चा गर्दै हस्तकलाको




*पूर्व बजेट सम्बन्धी अन्तरक्रियाको झलक*

उत्थानमा सरकारको पहल एवं प्राथमिकता न्यून रहेको उल्लेख गर्नुभयो।

यसैगरी वर्तमान अवस्थामा देशको विद्यमान परिस्थितिले गर्दा उद्यमी व्यवसायीहरु अशान्ति तथा असहज अवस्थाबाट पूर्ण मुक्त हुन नसकेको चर्चा गर्दै आउने दिनमा हस्तकला क्षेत्रको प्रभावकारी विकास एवं निकासी प्रबर्द्धन गरी मुलुकको आर्थिक समुन्नतिका लागि बजेटमा के कस्तो व्यवस्था गर्नुपर्छ भन्ने सन्दर्भमा आ(आफ्नो राय सुझाव दिन आग्रह गर्नुभयो । कार्यक्रममा महासंघका महासचिव श्री धर्मराज शाक्यले महासंघले गत वर्षको अनभूति र सदस्यहरुको प्रतिक्रियाको आधारमा तयार गरिएको बजेट सम्बन्धी सुझावहरु प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले औद्योगिक व्यवसाय ऐनमा घरेलु उद्योग, हस्तकला निकासीमा सरकारी दृष्टिकोण,औद्योगिक नीति, भारत निकासी समस्या, हस्तकला प्रबर्द्धन सहयोग, मूल्य अभिबृद्धि कर, आयकर, कच्चा पदार्थको सहज पैठारी व्यवस्था सम्बन्धमा सरकारले गर्नुपर्ने पहल सम्बन्धमा महासंघको धारणाबारे प्रस्तुती गर्नु भई तत् सम्बन्धमा कार्यक्रमका सहभागीहरुबीच छलफल भएको थियो भने त्यसमा छुटेका र हस्तकला उद्योग व्यवसायको व्यवस्थित विकासका लागि सरकारले गर्नुपर्ने पहलबारे आ(आफ्ना विचार तथा सुझावहरु प्रस्तुत गरेका थिए । उक्त अवसरमा सहभागीहरुले देशमा उद्योग व्यवसायको सुसंचालनका लागि दीगो शान्ति बहालि, उपयुक्त मैत्री औद्योगिक वातवरण तथा समयसापेक्ष वाणिज्य नीतिको तर्जुमा हुनुपर्नेमा जोड दिइयो । सो क्रममा महासंघका कार्यसमिति सदस्य एवं उद्योग समितिका सभापति श्री वेदराज ज्ञवालीले पनि हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि आउने बजेटमा समावेश गर्नुपर्ने सन्दर्भमा संकलित सुझावहरु बुँदागत रुपमा प्रस्तुत गर्नुभयो।

सहभागीहरुबाट व्यक्त विचार तथा सुझावहरुको समीक्षा गर्दै महासंघका अध्यक्षज्यूले हस्तकलाको समग्र विकासका लागि सरकारले तत्काल गर्नुपर्ने व्यवस्था तथा तर्जुमा गर्नुपर्ने नीति सम्बन्धी संयुक्त सुझाव संकलन गर्न प्रस्तुत कार्यक्रमको आयोजना गरिएको बताउँदै यसको उपयुक्त कार्यान्वयनका लागि महासंघले सरकारको सम्बन्धित निकायमा पेश गरिने बताउनु भयो।

अन्तमा कार्यक्रममा सक्रिय सहभागी भई आउने दिनमा समग्र हस्तकलाको प्रबर्द्धनका लागि प्रभावकारी एवं रचनात्मक सुझावहरु दिनु भएकोमा उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै यस महासंघका प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वाले विगतका वर्षमा पेश भई कार्यान्वयन नभएका विषयमा समेत उल्लेख गरी उपयुक्त सुझावहरु आवश्यक कार्यान्वयनका लागि सरकार को सम्बन्धित निकायमा पेश गरिने बताउनु भयो। महासंघको निर्यात समिति, उद्योग समिति तथा राजश्व समितिद्वारा संयुक्त रुपमा आयोजित उक्त अन्तर क्रिया कार्यक्रममा महासंघका पदाधिकारी, कार्य समिति सदस्यहरु, विभिन्न समितिका सदस्यहरु, महासंघको संस्थागत सदस्य संघका प्रतिनिधिहरु लगायत हस्तकला निकासीकर्ताहरु गरी ३० जनाभन्दा बढीको सहभागिता रहेको थियो।

## यस भित्र .....


* Product Photography प्रशिक्षण संचालन
* प्रस्तरकला सम्बन्धी उपयोगी विषयमा जानकारीमूलक कार्यक्रम
* सूती कपडाको पुतली बनाउने प्रशिक्षण
* ऊनीजन्य वस्तु बुनाई प्रशिक्षण संचालन
* बिक्री कला सम्बन्धी प्रशिक्षण संचालन
* भारतीय राजदुतावासका काउन्सिलर सँग भेटवार्ता
* कर्मचारी कल्याणकोष साधारण सभा
* महासंघको सूचना तथा परिपत्र
* Unisco Award for Handicraft
* १९ औं औद्योगिक प्रदर्शन समापन
* दोस्रो राष्ट्रिय पर्यटन मेला

८ Hindcraft Clinic


## गुणस्तर व्यवस्थापन सम्बन्धी गोष्ठी

कुनै पनि सेवामूलक तथा उत्पादनमूलक उद्योग, फर्म, कम्पनी एवं संघ संस्थाहरुको चरणबद्ध विकास तथा प्रबर्द्धनका लागि गुणस्तर व्यवस्थापनले महत्वपूण भूमिका निर्वाह गरिरहेको हुन्छ। फरक फरक क्षेत्र, परिवेस, संगठन, संस्था, उद्योग तथा कम्पनीहरुमा संस्थाको प्रकृति सुहाउँदो गुणस्तर व्यवस्थापन लागू गरिएको हुन्छ। यसै सिलसिलामा महासंघका सदस्य एवं हस्तकला उद्यमी व्यवसायीहरुलाई गुणस्तर व्यवस्थापनको अवधारणा, महत्व, उपयोगिता, यस सम्बन्धी ऐन, नियम तथा अन्य विविध जानकारी प्रदान गर्ने उद्देश्यले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल हस्तकला महासंघको संयुक्त आयोजनामा २०६५ जेष्ठ १३ र १४ गते दुई दिन गुणस्तर व्यवस्थापन सम्बन्धी गोष्ठीको आयोजना गरियो। २०६५ जेष्ठ १३ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह सचिव श्री तेजराज शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न एक कार्यक्रमबीच उक्त गोष्ठी शुभारम्भ गरियो। (बाँकी पृष्ठ २ मा ........)

# Product Photography प्रशिक्षण संचालन

हस्तकला उद्यमी, व्यवसायीहरुलाई डिजिटल क्यामेराको प्रयोगबाट आफ्ना उत्पादन, सिर्जना तथा हस्तकलाका विभिन्न वस्तुहरुको स्तरीय फोटो खिच्ने क्षमता विकास गर्नुका साथै फोटोग्राफी सम्बन्धी विविध ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले यस महासंघद्वारा २०६५ जेष्ठ २० देखि २८ गतेसम्म हस्तकला डिजाइन तथा विकास केन्द्र, ललितपुरमा फोटोग्राफी सीप सम्बन्धी प्रशिक्षण संचालन गरियो । विषयविज्ञ श्री शरद राई श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा हस्तकला व्यवसायमा संलग्न १५ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको छ ।



*कार्यक्रममा श्रोत व्यक्ति प्रशिक्षार्थीहरुलाई विषयगत जानकारी गराउँदै*

## गुणस्तर व्यवस्थापन सम्बन्धी गोष्ठी

( पृष्ठ १ को बाँकी अंश ........)

कार्यक्रमको प्रारम्भमा उपस्थित सबैलाई स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले व्यवसायिक सफलताका लागि हरेक क्षेत्रमा गुणस्तरीय व्यवस्थापनको महत्व रहेको चर्चा गर्दै यस्तो महत्वपूर्ण विषयमा उद्योग, वाणिज्य मन्त्रालयसंग संयुक्त रुपमा कार्यक्रम आयोजना गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । यस क्रममा उहाँले नेपालमा गुणस्तर व्यवस्थापन तथा गुणस्तर चिन्ह प्रदान सम्बन्धमा भएका व्यवस्था र उपादेयताबारेमा पनि विवेचना गर्नुभयो। साथै वर्तमान प्रतिस्पर्धी विश्व बजारमा नेपाली हस्तकलाका वस्तुको निकासी प्रबर्द्धनका लागि सम्बन्धित उद्यमी व्यवसायीहरु गुणस्तर र गुणस्तरीय व्यवस्थापनबारे हमेसा सचेत हुनुपर्ने औंल्याउँदै गोष्ठीको क्रममा विषयगत महत्वपूर्ण जानकारी हासिल गर्न र आफ्ना अनुभवहरु आदानप्रदान गर्न समेत आग्रह गर्नुभयो । यसैगरी कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुहादै कार्यक्रमका संयोजक एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अर्थशास्त्री श्री दुर्गेशकुमार श्रेष्ठले गोष्ठी र प्रस्तुत हुने विषय सम्बन्धमा प्रकाश पार्नुभयो। उक्त अवसरमा मन्तव्य व्यक्त गर्नुहुँदै प्रमुख अतिथि श्री तेजराज शाक्यले हरेक उपभोक्ता र सेवाग्राहीले गुणस्तरीयतालाई महत्व दिनु पर्नेबारे चर्चा गर्दै कुनै पनि वस्तु वा सेवाको व्यवसायिक तथा बजार प्रबर्द्धनका लागि गुणस्तर कायम गर्नु आवश्यक रहेको बताउनु भयो । सो क्रममा उहाले गुणस्तरीय वस्तुको उत्पादनका लागि उद्यमी व्यवसायीहरुले उत्पादन शुरुको चरणदेखि गुणस्तरीय व्यवस्थापन कायम गर्नुपर्ने औंल्याउदै घरेलु रुपमा प्रबर्द्धित हस्तकला पेशा, सीप र प्रविधिलाई समयसापेक्ष सुधार गर्दै उद्योगको रुपमा ढाल्न पनि उहाँले हस्तकला उद्यमी व्यवसायीहरुलाई आग्रह गर्नभयो। साथै उहाँले व्यवसायीहरु आफ्नो गुणस्तरीय वस्तु, डिजाइन तथा सिर्जनाको बौद्धिक अधिकार, पेटेन्ट तथा ट्रेड मार्क संरक्षणका लागि चनाखो हुनुपर्ने बताउँदै त्यस सन्दर्भमा मन्त्रालयको तर्फबाट सक्दो सहयोग गर्ने बताउनुभयो ।

अन्तमा यस महत्वपूर्ण कार्यक्रम आयोजना गर्न सहयोग गर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रोतव्यक्तिहरु, सहभागीहरु तथा अन्य सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै यस महासंघका महासचिव श्री धर्मराज शाक्यले कार्यक्रमबाट




*महासंघका अध्यक्षज्यू कार्यक्रमको महत्वबारे प्रकाश पार्नुहुँदै*

महत्वपूर्ण जानकारी हासिल गर्न र व्यवहारमा लागू गर्न सबैमा अपील गर्नुभयो। सो क्रममा उहाँले विगतका वर्षहरुमा गुणस्तर कायम गर्न नसक्दा कुनै बेला अत्याधिक निकासी हुने पश्मिना, गलैंचा लगायतका वस्तुहरुको निकासीमा गिरावट आएको उल्लेख गर्दै आगामी दिनमा उत्कृष्ट एवं स्तरीय हस्तकलाको उत्पादनका लागि भएको सीप, प्रविधिको संरक्षण संबर्द्धन गर्नुका साथै समयसापेक्ष उपयुक्त आधुनिक प्रविधिलाई सँगाल्दै अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उक्त गोष्ठीमा विभिन्न विधाका हस्तकलामा संलग्न ३० जनाभन्दा बढी उद्यमी, व्यवसायी तथा निकासीकर्ताहरुको सहभागिता रहेको छ । गोष्ठीमा सहभागीहरुलाई गुणस्तरको महत्व, व्यवस्थापन, गुणस्तर चक्र, गुणस्तर सम्बन्धी विद्यमान ऐन कानून, उपभोक्ता संरक्षण ऐन सम्बन्धी नेपालको अनुभव, Total Quality Management, ISO Standard र प्रमाणिकरण प्रक्रिया, नेपालमा गुणस्तर व्यवस्थापन सम्बन्धी अभ्यास आदि विषयमा श्री दुर्गेशकुमार श्रेष्ठ, महासंघका अध्यक्ष श्री पुष्करमान शाक्य, श्री रन्जित अमात्य, श्री बेगेन्द्रराज शर्मा पौडेल, श्री पूर्णप्रसाद मानन्धर, श्री तेजराज शाक्य, श्री पुष्पराज श्रेष्ठ लगायतका विषयविज्ञ एवं श्रोतव्यक्तिहरुले प्रस्तुती गर्नु भएको थियो ।

# प्रस्तरकला उपयोगी विषयमा जानकारीमूलक कार्यक्रम

नेपालको मौलिक कला क्षेत्रमा प्रस्तरकलाको महात्वपूर्ण योगदान रहेको छ । विशिष्ट सीप, कलाकारिता एवं दक्षताको आवश्यकता पर्ने प्रस्तरकलाले परम्परागतकालदेखि राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा ख्याति प्राप्त गरेता पनि विभिन्न कारणहरुले गर्दा यस क्षेत्रको अपेक्षित विकास तथा प्रवर्द्धन हुन सकेको देखिंदैन । यसै सन्दर्भमा प्रस्तरकलामा संलग्न उद्यमी तथा कलाकारहरुलाई प्रस्तरका बस्तु एवं कला उत्पादनको क्रममा हस्तरेखांकन (Sketch drawing), वस्तुको ऐतिहासिक तथा दार्शनिक महत्वका विषयमा सचेत गराउन तथा आवश्यक सीप एवं दक्षता अभिबृद्धिका लागि अभिप्ररित गर्ने उद्देश्यले यस महासंघको प्रस्तरकला वस्तु विकास उपसमितिको संयोजनमा २०६५ जेष्ठ १० गते ललितपुरमा प्रस्तरकला उपयोगी विविध विषयमा जानकारीमूलक कार्यक्रमको आयोजना गरियो ।

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा प्रस्तरकलाका बस्तुहरुको राम्रो माग रहेको चर्चा गर्दै गुणस्तरीय प्रस्तरकलाको उत्पादनका लागि सम्बन्धित उद्यमी, कलाकारहरुलाई अभिप्रेरित गर्नुका साथै यस क्षेत्रमा शास्त्रीय दर्शन, ऐतिहासिक पृष्ठभूमि तथा हस्तरेखांकन (Sketch Drawing) को सीपको आवश्यकता तथा महत्वबारे जानकारी गराउने उद्देश्यले प्रस्तुत कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । यसैगरी कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै यस महासंघका प्रथम उपाध्यक्ष एवं हस्तकला डिजाइन तथा बिकास केन्द्रका सभापति श्री बिकासरत्न धाख्वाले निकट भविष्यमा उक्त केन्द्रमा प्रस्तरकला सीप अभिबृद्धि प्रशिक्षण संचालन गर्ने सोच रहेको बताउँदै प्रशिक्षणमा सहभागी भई आवश्यक लाभ उठाउन समेत आग्रह गर्नुभयो ।

उक्त अवसरमा अनुभवी कलाकार एवं विषयबिज्ञहरु श्री दिपक जोशी, श्री चिनीकाजी ताम्रकार र श्री पूर्णकाजी शाक्यबाट क्रमश: आइकोनोग्राफी एवं शास्त्रीय दर्शन, प्रस्तरकला उत्पादनमा हस्तरेखांकन (Sketch Drawing) सीपको महत्व तथा भूमिका र प्रस्तरकलाको इतिहास, बिकासका चरणबारेमा सहभागीहरुलाई जानकारि गराइएको थियो ।

विज्ञहरुबाट विषयगत प्रस्तुति पश्चात सहागीहरुबाट राखिएको जिज्ञासा सम्बन्धमा विज्ञहरुबाट स्पष्ट पारिएको थियो । अन्तमा महासंघको प्रस्तरकला बस्तु विकास उपसमितिका सभापति श्री नविन शाक्यले कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने श्रोतव्यक्तिहरु, सहभागीहरु तथा अन्य सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । सो क्रममा उहाँले भविष्यमा उद्यमी व्यवसायीहरुको आवश्यकता अनुरुप उपयुक्त प्रशिक्षणहरु संचालन गर्दै जाने लक्ष्य रहेको बताउँदै प्रशिक्षणमा सहभागी हुन र सहभागी हुन इच्छुक अन्य संभाव्य उद्यमी व्यवसायीहरुलाई पनि सुसूचित गर्न हुन आग्रह गर्नुभयो । उक्त कार्यक्रममा प्रस्तरकलामा संलग्न करीब २० जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

# पुतली बनाउने सम्बन्धी प्रशिक्षण

आन्तरिक सजावट, नेपालको सांस्कृतिक सम्पदा झल्काउन तथा विभिन्न जनजाती सम्बन्धी झलक प्रदर्शन गर्ने उद्देश्यले नेपालमा धेरै पहिले देखि सूती, काठ, प्लास्टिक लगायत विभिन्न सामग्रीबाट पुतली बनाउने सीपको विकास हुंदै आएको छ । यस सीपको विकासबाट मानिसहरुलाई प्रत्यक्ष रोजगारीको अवसर प्राप्त भई आय आर्जनको बाटो पनि खुलेको थियो ।

तर उचित बजार प्रवर्द्धन नहुनु, दक्ष जनशक्तिको अभाव तथा बस्तु विकास एवं विविधिकरण हुन नसक्दा पुतली बनाउने व्यवसायले अपेक्षित उपलब्धी हासिल गर्न नसकेको बताइन्छ । यसै सन्दर्भमा हस्तकला क्षेत्रमा संलग्न उद्यमी, गृहिणीहरुलाई सुतीजन्य बस्तुको पुतली बनाउने सीप सिकाई आय आर्जन गर्न सक्षम तुल्याउन तथा पुतली बनाउने समय सापेक्ष सीपको विकास एवं संरक्षण गर्दै जाने उद्देश्यले यस महासंघको सूती बस्तु विकास समितिको संयोजनमा २०६५ जेष्ठ १४ गतेबाट ४ दिने पुतली बनाउने प्रशिक्षण महासंघको हस्तकला डिजाइन तथा विकास केन्द्र, ललितपुरमा संचालन गरियो । श्रीमती चिरञ्जिवी श्रेष्ठ श्रोत व्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा करीब १० जना महिला उद्यमी व्यवसायीको सहभागिता रहेको थियो ।



*प्रशिक्षणका श्रोतव्यक्ति पुतली बनाउने सीप सिकाउँदै*

आपसी परिचयबाट शुरु गरिएको उक्त प्रशिक्षणमा महासंघको कार्यसमिति सदस्य एवं सुती बस्तु विकास समितिका सभापति श्रीमति यसोदा बैद्यले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै प्रशिक्षणमा सक्रिय सहभागी भई पुतली बनाउने आवश्यक सीप हासिल गर्न आग्रह गर्नु भयो । प्रशिक्षणमा सहभागीहरुलाई विभिन्न जनजातिको भेष(भूषा, श्रृंगार तथा सजावट गरी सूतिबाट पुतली बनाउने विधि तथा सीप सिकाईएको थियो ।

## ऊनीजन्य वस्तु बुनाई प्रशिक्षण संचालन

ऊनीजन्य वस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुमा बुनाई सम्बन्धी स्तरीय सीप तथा दक्षता अभिबृद्धि गर्दै जाने उद्देश्यले यस महासंघको ऊनी वस्तु विकास समितिको संयोजनमा २०६५ जेष्ठ २३ देखि आषाढ १३ गतेसम्म हस्तकला डिजाइन तथा विकास केन्द्र, ललितपुरमा ऊनीजन्य वस्तु बुनाई सम्बन्धी प्रशिक्षण संचालन गरियो ।



*प्रशिक्षणमा प्रशिक्षार्थीहरु बुनाई सम्बन्धी अभ्यास गर्दै*

नेपाल हस्तकला महासंघद्वारा दि सांग्रीला ट्रेड कर्न्सनको सहयोगमा आयोजित उक्त प्रशिक्षण महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले २०६५ जेष्ठ २३ गते एक कार्यक्रमबीच हस्तकला डिजाईन तथा विकास केन्द्र, ललितपुरमा शुभारम्भ गर्नुभयो । उक्त अवसर मा उहाँले स्तरीय हस्तकलाको उत्पादनका लागि दक्ष सीपको आवश्यकता पर्ने बताउँदै प्रशिक्षणको क्रममा उपयोगी सीप सिक्न तथा सिकेको सीपलाई व्यवहारमा उतार्न समेत आग्रह गर्नुभयो । महासंघले महिला सशक्तिकरणको लक्ष्यलाई ध्यानमा राखी महिलाहरुलाई आत्मनिर्भर बनाउन यस प्रकारको रोजगारमूलक प्रशिक्षण कार्यक्रमहरुमा महिला सहभागितालाई प्राथमिकता दिँदै आएको उहांले जानकारी गराउनुभयो । महासंघका कार्यसमिति सदस्य एवं ऊनी वस्तु विकास समितिकी सभापति सुश्री रज्जु रञ्जितकारले प्रशिक्षण कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै विशेषतः असहाय, विपन्न र पिछडिएका वर्गका महिलाहरुलाई उनीजन्य बस्तु बुन्ने सीप सिकाउनुको साथै उनीहरुलाई रोजगारी समेत प्रदान गर्ने सोच रहेको कार्यक्रममा जानकारी गराउनु भयो ।

श्रीमती लीला जोशी श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा सहभागीहरुलाई ऊनीका निर्यातयोग्य बस्तुहरुः स्वेटर, मोजा, मफलर, टोपी, पन्जा आदि बुन्ने सीप सिकाइने बताइएको छ ।

प्रशिक्षण शुभारम्भ कार्यक्रमको अन्तमा यस महासंघका प्रथम उपाध्यक्ष तथा हस्तकला डिजाईन तथा विकास केन्द्रका सभापति श्री बिकासरत्न धाख्वाले उपस्थित सहभागीहरु, श्रोतव्यक्ति, समिति तथा सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै संस्थागत सामाजिक उत्तर दायित्व (Corporate Social Responsibility) अन्तर्गत उक्त प्रशिक्षण संचालन गरिएको जानकारी गराउनुभयो। उक्त प्रशिक्षणमा ऊनीजन्य वस्तु सम्बन्धी व्यवसायमा संलग्न १६ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको छ ।

## बिक्री कला सम्बन्धी प्रशिक्षण संचालन

*हस्तकला उद्यमी, व्यवसायीहरुमा आफ्नो उत्पादित वस्तुहरुको प्रभावकारी प्रचार प्रसार तथा प्रस्तुतीकरण गर्ने सीप तथा दक्षता अभिबृद्धि गरी बिक्री प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यस महासंघद्वारा हस्तकला डिजाइन तथा विकास केन्द्र, ललितपुरमा २०६५ जेष्ठ २८ गतेबाट बिक्री कला सम्बन्धी ६ महिने प्रशिक्षण संचालन गरियो ।*

जापानी स्वयंसेविका सुश्री माकिको मियाजाकी (अरुणा) श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा सहभागीहरुलाई बिक्रीकक्ष एवं प्रदर्शन कक्षको सजावट तथा व्यवस्थापन, अर्डरको अभिलेख राख्ने र पूर्ति गर्ने तरिका, ग्रााहकहरुको गुनासो न्युनिकरण गर्ने उपाय, बिक्री वितरण तथा कारोबारको क्रममा वस्तुहरुको मौज्दात व्यवस्थापन (Inventroy Mangagement), ग्राहकसित सम्पर्क र सम्वन्ध विकास गर्ने उपायहरु लगायत बिक्री कला सम्बन्धी अन्य विषयमा जानकारी गराइने लक्ष्य रहेको छ । यसैगरि प्रशिक्षण अवधिमा सैद्धान्तिक ज्ञानका साथै विभिन्न बिक्री कक्षहरुको स्थलगत भ्रमण गरी परामर्श सेवा पनि प्रदान गरिने छ ।



प्रशिक्षण शुभारम्भको क्रममा हस्तकला डिजाइन तथा विकास केन्द्रका कार्यकारी अधिकृत श्री रबिन्द्रनाथ श्रेष्ठले कार्यक्रमको उद्देश्य एवं लक्ष्यबारे प्रकाश पार्दै व्यवसाय प्रवर्द्धनका लागि बिक्रयकलाको भूमिका, महत्व र बिक्रय कला सम्बन्धी विविध उपायबारे प्रकाश पार्दै प्रशिक्षकलाई प्रशिक्षण शत्र शुरु गर्न आग्रह गर्नुभयो। उक्त प्रशिक्षणमा ७ जना हस्तकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको छ ।

# हस्तकला प्रवर्द्धन सम्बन्धी भेटवार्ता

## महासंघका पदाधिकारी र भारतीय राजदुतावासका काउन्सिलरबीच भेटवार्ता

नेपाली हस्तकलाको वस्तुस्थिति सम्बन्धी जानकारी हासिल गर्नुका साथै हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि आपसी सहकार्य सम्बन्धी छलफल गर्न २०६५ जेष्ठ ९ गते यस महासंघका पदाधिकारी र नेपालस्थित भारतीय राजदुतावासका काउन्सिलर श्री गोपाल बाग्लेबीच ललितपुरस्थित हस्तकला डिजाइन तथा विकास केन्द्रमा भेटवार्ता भयो। उक्त अवसरमा यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले केन्द्रको पूर्वाधार तथा क्रियाकलापहरु सम्वन्धमा काउन्सिलरलाई जानकारी गराउनुका साथै हस्तकला क्षेत्रको विकासका लागि भारतिय राजदूतावासको सहयोग एवं सहकार्यमा उपयुक्त कार्यक्रमहरु संचालन गर्न सक्ने बताउँदै आवश्यक सहयोगका लागि आग्रह गर्नुभयो। कार्यक्रममा महासंघका प्रथम उपाध्यक्ष एवं केन्द्रका सभापति श्री विकासरत्न धाख्वा, केन्द्रको प्रबन्ध समितिका सदस्यहरु श्री यज्ञमान शाक्य, श्री शम्भुगोविन्द ताम्रकार तथा केन्द्रका कार्यकारी अधिकृत श्री रबिन्द्रनाथ श्रेष्ठको उपस्थिति रहेको थियो। उक्त अवसरमा काउन्सिलर र महासंघका पदाधिकारीहरुबीच हस्तकला महासंघ र हस्तकला डिजाइन तथा विकास केन्द्रको पूर्वाधार विकासका लागि आबद्ध कर्मचारी, सदस्यहरुको सक्षमता एवं दक्षता अभिवृद्धिका लागि अल्पकालीन तथा दिर्घकालीन कार्यक्रम संचालन, चाँदी गरगहनामा संलग्न कलाकार तथा कालिगढहरुलाई सीप विकास तथा आधुनिक प्रविधि सम्बन्धी बिशेषज्ञीय सेवा प्रदान गर्ने तथा अन्य सहयोग एवं सहकार्य सम्बन्धमा विचारविमर्श भएको थियो।



*भारतीय काउन्सिलरसँगको भेटवार्ता सम्बन्धी झलक*

सो क्रममा भारतीय काउन्सिलरबाट नेपाली हस्तकला वस्तुको विकास एवं प्रबर्द्धनका साथै यसमा संलग्न जनशक्तिको दक्षता अभिबृद्धिका लागि उक्त दुतावासबाट सक्दो सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उक्त अवसरमा उहाँले केन्द्रको पूर्वाधार तथा तहाँ संचालित कार्यक्रमहरुको समेत अवलोकन गर्नुभएको थियो।

# महासंघको कर्मचारी कल्याणकोषको चौथो साधरण सभा

महासंघमा कार्यरत कर्मचारीलाई आवश्यक पर्दा ऋण सहयोग प्रदान लगायत कर्मचारीको हित प्रबर्द्धन गर्ने उद्देश्यले २०५६ सालमा गठन भई यस महासंघको कर्मचारी कल्याणकोषले बचत तथा ऋण सेवा प्रदान गर्दै आएको छ। २०६५ जेष्ठ १० गते महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको प्रमुख आतिथ्यमा एक कार्यक्रमबीच महासंघको कर्मचारी कल्याणकोष्को चौथो साधरण सभा सम्पन्न भयो।

प्रारम्भमा कोषका अध्यक्ष श्री ऋषिराज सुवेदीले उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै कोषको गतिविधिबारे प्रकाश पार्नुभयो। यस क्रममा उहाँले सिमित बचतबाट शुरु गरिएको यस कोषको मूल धन बढाई संचालन दायरा बढाउन सकेमा सम्बद्ध सदस्य कर्मचारीहरुको हित प्रवर्द्धन हुने बताउँदै कोषबाट आगामी दिनमा कोषलाई व्यवस्थित गर्ने, कोषको थप आयका लागि अन्य कम्पनीको शेयरमा लगानी गर्ने, कोसेली पसलको



*अध्यक्षज्यूबाट कर्मचारी कल्याण कोषको प्रबर्द्धनका लागि आश्वासन दिनुहुँदै*

संचालन तथा उपहार कार्यक्रमहरु निरन्तर संचालन गर्दै जाने सोच रहेको बताउन भयो।

उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले कर्मचारीको हित प्रबर्द्धनका लागि कोषको व्यवस्था राम्रो भएको बताउँदै स्वच्छ भावना लिई कर्मचारीको आर्थिक समस्या टार्न तथा हित प्रबर्द्धनतर्फ कोषले विशेष जोड दिनुपर्ने धारणा राख्नु भयो। सानो स्वरुपमा स्थापना भएको कल्याणकोष हालको अवस्थासम्म आईपुगेको तथा सो कोषबाट कर्मचारीहरुले ऋण सुविधा प्राप्त गरिरहेकोमा अत्यन्त खुशी व्यक्त गर्दै उहाँले कर्मचारी कल्याण कोषको बृद्धि तथा प्रभावकारी संचालनका लागि महासंघबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो। साथै हित प्रबर्द्धनको सन्दर्भमा महासंघद्वारा संचालन गरिने सीपमूलक प्रशिक्षणमा कर्मचारीको परिवारको लागि विशेष व्यवस्था गरिने चर्चा गर्दै उहाँले कोषबाट ऋण प्रवाह गर्दा सतर्कता अपनाउनु पर्ने रै कोषलाई उद्देश्य अनुरुप सदस्यको हित प्रबर्द्धनका लागि अगाडी बढाउनुपर्नेमा जोड दिनुभयो। सो क्रममा मन्तव्य व्यक्त गर्दै महासंघका महासचिव श्री धर्मराज शाक्यले महासंघको सुसंचालनमा कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहने चर्चा गर्दै कर्मचारीको हित कार्यमा महासंघले हमेसा प्राथमिकता दिने बताउँदै कोषबाट प्रस्तावित विषयमा महासंघबाट सकारात्मक पहल एवं सहयोग गरिने बताउनु भयो। पहिलो शत्रको अन्तमा कर्मचारी कल्याण कोषको साधारण सभामा उपस्थित भई हौसला बढाउनु हुने महासंघका अध्यक्षज्यू र महासचिवज्यूमा अभार व्यक्त गर्दै उपस्थित कोषका सदस्यहरुमा धन्यवाद ज्ञापन गर्नुभयो।

# महासंघको सूचना तथा परिपत्र

## महासंघको सदस्यता शुल्क बृद्धि तथा नवीकरण सम्बन्धमा ।

१. **सदस्यता शुल्क बृद्धि :**

यस महासंघको २८ औं वार्षिक साधारण सभामा सदस्यहरुबाट प्राप्त भएका लिखित प्रस्ताव एवं उक्त सभाबाट गठित प्रस्ताव समितिबाट प्राप्त राय सुझाव समेतका आधारमा महासंघको कार्यसमितिको २०६४ चैत्र २४ गते बसेको तेश्रो बैठकको निर्णयानुसार सोही मिति देखिनै लागू हुने गरी महासंघको वार्षिक सदस्यता शुल्क र प्रवेश शुल्क निम्नानुसार निर्धारण गरिएको छ :

| | | |
|---|---|---|
| प्रवेश शुल्क | : | रु. १,०००/(रु. एक हजार) |
| वार्षिक सदस्यता शुल्क | : | रु. ५००/ (रु. पांच सय) |

२. **सदस्यता नवीकरण :**

यस महासंघको विधान २०६३ को दफा ३.८ अनुसार सदस्य महानुभावहरुको सदस्यता प्रत्येक वर्षको आषाढ मसान्तसम्म मात्र बहाल रहने व्यवस्था रहेको छ । तसर्थ विधानको दफा ३.५ को उपदफा (ङ) वमोजिम वार्षिक सदस्यता शुल्क बुझाइ २०६५ श्रावण १५ गतेभित्र सदस्यता नवीकरण गर्नु हुन अनुरोध गर्दछु ।

२०६५ श्रावण १५ गतेभित्र शुल्क बुझाई आफ्नो सदस्यता नवीकरण नगर्ने सदस्यहरुको सदस्यता स्वतः निष्क्रिय भएको मानिने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ । त्यसरी निष्क्रिय भएका सदस्यहरुलाई निष्क्रिय भएको मितिले ३ वर्षभित्र बाँकी बक्यौता रहेको वार्षिक शुल्क र प्रत्येक वर्षको वार्षिक शुल्क वरावरको अतिरिक्त शुल्क लिई कार्यसमितिद्वारा विधानको दफा ३.६ अनुसार पुनः सदस्यता प्रदान गरिने छ । सो ३ वर्षको अवधिभित्र पनि सदस्यता नवीकरण नगरिएको अवस्थामा सदस्यताको अभिलेखवाट सदस्यता सम्वन्धी विवरण हटाउने विधानमा व्यवस्था भए अनुसार आ.व.२०६२/६३ देखि सदस्यता नवीकरण नभएका सदस्यहरुको सदस्यता विवरण २०६५ श्रावण १५ गते पश्चात महासंघको सदस्यताको अभिलेखवाट हटाइने र उक्त मिति भन्दा पछि त्यस किसिमको सदस्यता नवीकरण नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तर महासंघका संस्थागत सदस्यहरु (जिल्ला हस्तकला संघ तथा बस्तुगत संघहरु) को हकमा आगामी २९ औं वार्षिक सभा भित्रमा शुल्क बुझाई नवीकरण गर्न सकिने छ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा महासंघको प्रशासन ईकाइमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ ।

# हस्तकला सम्बन्धी विविध प्रशिक्षण संचालन हुने सूचना

## काष्ठकलाका वस्तुमा प्याटिना (रंगाई) गर्ने प्रशिक्षण

यस महासंघ अन्तर्गत संचालित हस्तकला डिजाईन तथा बिकास केन्द्रमा २०६५ असार ८ देखि १८ गते सम्म काष्ठकलाका वस्तुमा प्याटिना (रंगाई) गर्ने सम्बन्धी प्रशिक्षण संचालन हुने भएको छ । उक्त कार्यक्रमको विवरण देहाय बमोजिम रहेको छ :

**कार्यक्रमको विवरण**

| | | |
|---|---|---|
| मिति | : | २०६५ असार ८ देखि १८ गते सम्म |
| समयावधि | : | ३ घण्टा प्रति दिन |
| समय | : | बिहानको ७.०० बजे देखि १०.०० बजेसम्म |
| स्थान | : | हस्तकला डिजाईन तथा बिकास केन्द्र, मचागाल, पुल्चोक, ललितपुर |
| उद्देश्य | : | काष्ठकलाका वस्तुलाई एबतष्लब (एन्टिक रंगाइ तथा स्वरुप दिनु) गर्ने सीप प्रदान गर्नु, काष्ठकला कर्मीहरुलाई आफुले चाहे अनुरुपको वस्तुको अन्तिम स्वरुप दिन संक्षम बनाउनु । |
| प्रशिक्षक | : | श्री निराप्रसाद ह्योजु । |
| सहभागी संख्या | : | २० जना |
| सहभागी शुल्क | : | रु. १,२००। प्रति व्यक्ति (सदस्य)<br>रु. १,६००। प्रति व्यक्ति (गैर सदस्य) |
| लक्षित समूह | : | काष्ठकला व्यवसायमा संलग्न उद्यमी तथा व्यवसायीहरु |
| नाम दर्ता गर्ने अन्तिम मिति | : | २०६५ असार ५ सम्म |

दर्ता गर्ने स्थान : हस्तकला डिजाईन तथा बिकास केन्द्र
मचागाल, पुल्चोक, ललितपुर
फोन नं ५५२२८१५

ग्राहयता : पहिलो आबेदकलाई पहिलो ग्राह्यता दिइने छ ।

अत: उक्त कार्यक्रममा सहयोगी संघ संस्थाबाट सहभागी हुनेहरुलाई ने.ह.महासंघका सदस्य सरह शुल्क लिइने छ। उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक उद्यमी, कलाकार तथा व्यवसायीहरुले तोकिएको समयभित्र केन्द्रमा नाम दर्ता गराउन हुन अनरोध गरिन्छ ।

## परम्परागत बुट्टा सम्बन्धी प्रशिक्षण

धातुमूर्तिकलामा संलग्न महासंघका सदस्य उद्यमी/व्यवसायीहरुलाई परम्परागत बुट्टा सम्बन्धी जानकारी तथा सीप प्रदान गरी सीपयुक्त तुल्याई व्यवसाय प्रबर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले नेपाल हस्तकला महासंघको धातु मूर्तिकला बिकास समितिको संयोजनमा देहाय बमोजिम परम्परागत बुट्टा सम्बन्धी प्रशिक्षण संचालन गरिने भएको छ ।

कार्यक्रमको विवरण:

मिति : २०६५ आषाढ १५ देखि भाद्र १५ गतेसम्म

अवधि : २ महिना (हप्ताको ३ दिन)

समय : साँझ ५.०० देखि ७.०० बजेसम्म

स्थान : हस्तकला डिजाईन तथा बिकास केन्द्र
मचागाल, पूल्चोक, ललितपुर ।

उद्देश्य : हस्तकलाका उद्यमी, कलाकार तथा व्यवसायीहरुलाई परम्परागत कलामा प्रयोग हुने बुट्टा तथा अन्य बस्तुबारे प्रशिक्षित गर्ने ।

श्रोत व्यक्ति : श्री दिपक जोशी

सहभागी संख्या : १५ जना

सहभागी शुल्क : रु. ३,०००/ (सदस्य)
रु. ४,०००/ (गैर सदस्य)

लक्षित समूह : धातूकला, मूर्तिकला, प्रस्तरकला र काष्ठकलामा
संलग्न उद्यमी तथा व्यवसायीहरु

फारम बुझाउने अन्तिम मिति : २०६५ आषाढ १० गते मंगलबारभित्र ।

फारम बुझाउने स्थान : हस्तकला डिजाइन तथा बिकास केन्द्र
मचागाल, पुल्चोक, ललितपुर ।

ग्राहयता : पहिलो आवेदकलाई पहिलो ग्राह्यता दिइने छ ।

## प्रस्तरकलामा शास्त्रीय दर्शन (Iconography), रेखा चित्र, Anatomy तथा बुट्टा सम्बन्धी प्रशिक्षण

मिति : २०६५ आषाढ २ गतेदेखि कार्तिक १ गतेसम्म

अवधि : ४ महिना (हप्ताको ३ दिन)

समय : दिनको ५.०० देखि ७.०० बजेसम्म

स्थान : हस्तकला डिजाईन तथा बिकास केन्द्र, मचागाल, पुल्चोक, ललितपुर

उद्देश्य : प्रस्तरकलाका व्यवसायी, उद्यमी तथा कलाकारहरुलाई मूर्तिहरुको शारीरिक संरचना, प्रतिमालक्ष्य, मुद्राबारेमा ज्ञान दिनु, ऐतिहासिक प्रस्तरकला कृति सम्बन्धी विषयवस्तुमा ज्ञान दिनु

प्रशिक्षक : श्री पूर्णकाजी शाक्य, श्री दीपक जोशी

सहभागी संख्या : २० जना

सहभागिता शुल्क : मासिक रु. १,४००/ (प्रति सदस्य)
मासिक रु. १,९००/ (प्रति गैर सदस्य)

लक्षित समूह : प्रस्तरकला व्यवसायमा संलग्न उद्यमी, कालिगढ, कलाकार तथा व्यवसायीहरु

नाम दर्ता गर्ने अन्तिम मिति : २०६५ जेष्ठ ३१ गते शुक्रबारसम्म

## UNESCO Award for Handicraft, 2008 मा सहभागिता सम्बन्धी सूँचना

दक्षिण एसियाका मुलुकहरुमा उत्पादित स्तरीय एवं उत्कृष्ट वस्तुको सम्मान गर्न, परम्परागत सीपको संरक्षण, सम्बर्द्धन तथा नवोदित डिजाइनको विकास गरी अन्तरराष्ट्रिय बजारमा तिनको प्रबर्द्धन गर्ने उद्देश्यले UNSECO को सहयोगमा क्राफ्ट काउन्सिल अफ ईन्डियाद्वारा प्रत्येक दुई वर्षमा UNESCO Seal Of Excellence को आयोजना गर्दै आएको छ। यस सन्दर्भमा आयोजक संस्थाले सन् २००८ को UNESCO Award for Handicraft मा सहभागिताका लागि सदस्य मुलुकहरुबाट आवेदन आव्हान गरिएको हुँदा ईच्छुक कला क्षेत्रमा संलग्न उद्यमी, कलाकार तथा उत्पादकहरुले आयोजकले तोकिएको मिति, स्थानमा पुग्ने गरी आ(आफ्नो कलाकृति, सिर्जना, उत्पादनहरुको आवेदन दर्ता गर्न हुन अनुरोध गरिन्छ। यस कार्यक्रम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

प्रति कलाकृति सहभागिता शुल्क : २० अमेरिकी डलर

निर्णायक मण्डलबाट निर्णय : सेप्टेम्बर, २००८

पुरस्कृत हुने वस्तुहरुको परिणाम घोषणा : अक्टोबर, २००८

उक्त कार्यक्रमको लागि सामान पठाउदा लाग्ने खर्च सहभागी स्वयंमले व्यहोर्नु पर्नेछ । तसर्थ ईच्छुक नेपाल हस्तकला महासंघका सदस्य महानुभावहरुले २०६५ आषाढ १७ (July 1, 2008) भित्र महासंघमा आवदेन दर्ता गर्नु हुन अनुरोध गरिन्छ । कार्यक्रम सम्बन्धी विस्तृत जानकारीका लागि यस महासंघमा सम्पर्क राख्न हुन तथा आयोजकको देहायको ठेगानामा सम्पर्क राख्न हुन समेत अनुरोध गरिन्छ।

**आयोजकको विस्तृत ठेगानाः**

Craft Council of India<br>
(GF) Temple Trees 20<br>
Venkatanarayana road,<br>
T Nagar Chennai, 600017.<br>
Tel +91 44 24321456<br>
Fax: +91 44 24327931<br>
Email: craft@satyam.net.in<br>
Website: www.craftscouncilindia.org

## १९ औं औद्योगिक प्रदर्शनी तथा राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रम सम्पन्न

प्रदर्शनीको माध्यमबाट अधिराज्यका विभिन्न जिल्ला तथा क्षेत्रहरुमा उत्पादित हस्तकला तथा शीपमूलक वस्तुहरुको प्रचार प्रसार गरी तिनको बजार प्रबर्द्धन गर्ने र उत्कृष्ट उद्यमीहरुको सीप एवं उद्यमशिलताको राष्ट्रिय स्तरमा सम्मान गर्ने उद्देश्यले घरेलु तथा साना उद्योग विकास समितिले प्रत्येक वर्ष औद्योगिक प्रदर्शनी तथा उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रमको आयोजना गर्दै आएको छ । यस क्रममा १९औं औद्योगिक प्रदर्शनी तथा राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रम २०६५ जेष्ठ २३ देखि २७ गतेसम्म भृकुटीमण्डपमा सम्पन्न भयो। घरेलु तथा साना उद्योग विकास समितिद्वारा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल हस्तकला महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, राष्ट्रिय घरेलु तथा साना उद्योग महासंघ नेपाल, लघु उद्यम विकास कार्यक्रम तथा लघु उद्यमी समूह संघको सक्रिय सहभागितामा आयोजित उक्त प्रदर्शनीमा अधिराज्यभरबाटै उल्लेख्य संख्यामा घरेलु तथा साना उद्योगका उद्यमी व्यवसायी तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । प्रदर्शनीको आयोजनाबाट देशको विभिन्न जिल्लाहरुमा घरेलु तथा साना उद्यमीहरुबाट उत्पादित बस्तुहरुको व्यापक प्रसार प्रसार हुनुका साथै सम्बन्धित क्रेता विक्रेताबीच सीधा सम्बन्ध स्थापित भई स्वदेशी बस्तुहरुको राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजार प्रबर्द्धन गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

२०६५ जेष्ठ २७ गते माननीय महिला, बालबालिका तथा समाजकल्याण मन्त्री पम्फा भुसालको प्रमुख आतिथ्यमा सम्पन्न एक कार्यक्रमकाबीच १९ औं औद्यागिक प्रदर्शनी

तथा राष्ट्रिय उत्कृष्ट उद्यमी पुरस्कार कार्यक्रमको काठमाडौंमा समापन गरियो । सो क्रममा उहाँले उत्कृष्ट तथा पुरस्कृत उद्यमीहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो । सो अवसरमा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले देशको आीर्थक मेरुदण्डका रुपमा मानिएको घरेलु उद्योगको समग्र विकासका लागि सरकारी तवरबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त अवसरमा घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार तथा दीर्घकालिन प्रबर्द्धनका लागि औद्योगिक प्रदर्शनी उपयोगी हुने बताउँदै राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री पुष्पराज राजकर्णिकार, घरेलु तथा साना उद्योग विकास समितिकी कार्यकारी निर्देशक श्री कामिनी सिंह, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री कुशकुमार जोशी, नेपाल हस्तकला महासंघका प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वा, नेपाल चेम्बर अफ कमर्सका द्वितीय उपाध्यक्ष श्री लोकमान्य गोल्छा, नेपाल घरेलु तथा साना उद्योग महासंघका उपाध्यक्ष श्री सुरेश प्रधान लगायतका वक्ताहरुले देशको आर्थिक विकासमा घरेलु तथा साना उद्योगहरुको महत्व र राष्ट्रिय अर्थतन्त्रमा यस उद्योगको भूमिकाबारेमा आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रममा निम्न वस्तु समूहहरुमा देहायका उद्योगका प्रतिनिधिहरुलाई उत्कृष्ट घोषित गरी प्रमाणपत्र प्रदान गरिएको थियो ।

| क्र.सं. | वस्तु समूह | उद्योगको नाम | उद्यमीको नाम | ठेगाना | पुरस्कार |
|---|---|---|---|---|---|
| १ | पश्मिना /ऊनी वस्तु समूह | राराहाते होजियारी | धनमाया सिंह | मुगु, | उत्कृष्ट |
| २ | ढाका कपडा समूह | लांघाली ढाका कपडा उद्योग | शेरबहादुर थापामगर | रामेछाप | उत्कृष्ट |
| ३ | तयारी पोशाक समूह | रोचक ह्याण्डक्राफ्ट | रुकमिणी श्रेष्ठ | काठमाडौं | उत्कृष्ट |
| ४ | धातुजन्य कलात्मक वस्तु समूह | कन्चन खुकुरी उद्योग | गोपालबहादुर बि.क. | धनकुटा | उत्कृष्ट |
| ५ | बाँसजन्य वस्तु समूह | भइबहादुर बाँस निगालो उद्योग | भैबहादुर राई | ओखलढुंगा | उत्कृष्ट |
| ६ | ढुङ्गा माटो वस्तु समूह | नोनेम ह्याण्डीक्राफ्ट | उत्तम शाक्य | ललितपुर | उत्कृष्ट |
| ७ | छाला वस्तु समूह | पूर्ण सू सेन्टर | पुरानो सार्की | कालिकोट | उत्कृष्ट |
| ८ | काष्ठकला वस्तु समूह | मकवानपुर कार्पेन्टर उडक्राफ्ट | गणेशमान राजचल | मकवानपुर | उत्कृष्ट |
| ९ | हाते कागज वस्तु समूह | नेपाल क्राफ्ट पेपर इन्डष्ट्रिज | महेशकाजी ैष्ठ | काठमाडौं | उत्कृष्ट |
| १० | अन्य वन्यजन्य वस्तु समूह | सयपत्री अल्लो ऊनी तथा सुती उद्योग | कृष्णकुमारी राई | संखुवासभा | उत्कृष्ट |
| ११ | ऊनी गलैंचा तथा राडीपाखी | पंचकुमारी राडीपाखी उद्योग | नाउस भण्डारी | हुम्ला | उत्कृष्ट |
| १२ | विविध वस्तु समूह | नेत्र हस्तकला उद्योग | राजु श्रेष्ठ | गोरखा | उत्कृष्ट |

सहभागी उद्योगहरु मध्येमा नेपाल उद्योग वाणिज्य महासंघबाट प्रायोजित सर्बोत्कृष्ट पुरस्कार यस महासंघको सदस्य उद्योग प्रबीण ढाका उद्योग, झापा लाई प्रदान गरियो । यसैगरी राष्ट्रिय घरेलु उद्यमी पुरुस्कार कार्यक्रममा यस महासंघका सदस्यहरु मिराकल बेम्बो क्राफ्ट उद्योग र एभरेष्ट पश्मिना एण्ड मल्टी डाईङ इन्डष्ट्रिजले क्रमशः बाँस र पश्मिनाजन्य वस्तु समूहमा सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । यसैगरी नेपाल हस्तकला महासंघ, नेपाल चेम्बर अफ कमर्स, राष्ट्रिय घरेलु तथा साना उद्योग महासंघ र नेपाल घरेलु तथा साना उद्योग महासंघले क्रमशः ज्ञानदेवी ह्याण्डीक्राफ्ट उद्योग (ललितपुर), स्वनिग अचार उद्योग (काठमाडौं), मिलन राडीपाखी उद्योग (रुम्जाटार) र मकवानपुर बेम्बो ह्याण्डीक्राफ्टलाई विशेष पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा २० वटाभन्दा विधामा अधिराज्यका उत्कृष्ट ४३ हस्तकला लगायत घरेलु तथा साना उद्यमीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

# दोस्रो राष्ट्रिय पर्यटन मेला, २०६५

प्रदर्शनीको माध्यमबाट पर्यटनसंग सम्बन्धी विभिन्न सेवा, सामग्री, उत्पादनहरुको प्रचार प्रसार गर्नका साथै पर्यटन सम्बन्धी संघ संस्थाहरुबीच सम्पर्क तथा सम्बन्ध विकास गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा नेपालको पर्यटन उद्योगको प्रबर्द्धन गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्डले विगत वर्षदेखि राष्ट्रिय पर्यटन मेलाको आयोजना गर्दै आएको छ । नेपाल आधिराज्य भरीका पर्यटनसंग सम्बन्धित संघ संस्थाहरुबाट सहभागिता गराउने उद्देश्यले नेपाल पर्यटन बोर्डद्वारा २०६५ बैशाख २४ देखि २६ गतेसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा दोस्रो राष्ट्रिय पर्यटन मेला, २०६५ को आयोजना गरियो । ६० वटाभन्दा बढी स्टल रहेको उक्त मेलामा नेपालको विभिन्न क्षेत्रका पर्यटन संस्था, सरकारी तथा गैरसरकारी संस्था, जिल्ला विकास समिति,पर्यटन विकास समिति, पर्यटन प्रकाशन संस्था, संग्राहालय, औद्यागिक प्रतिष्ठान लगायत विभिन्न हस्तकला वस्तुहरुको सहभागिता रहेको थियो । यस मेलाको आयोजनाबाट नेपालको विभिन्न पर्यटकीय गन्तव्यको पहिचान गराई आन्तरिक पर्यटनको प्रबर्द्धन गर्नुका साथै पर्यटन उद्योगको प्रभावकारी विकास गरी नेपालीहरुको जीवनस्तर उकास्न टेवा पुग्ने अपेक्षा गरिएको छ ।

उक्त अवसरमा नेपालको मौलिक पहिचान गराउने विविध हस्तकलाका वस्तुको प्रदर्शन गर्नुका साथै पौभा (थान्का) लेखन, काष्ठकला, सेरामिक तथा प्रस्तरकलाका वस्तु उत्पादन प्रक्रिया सम्बन्धी जीवन्त प्रदर्शनी समेत गरिएको थियो ।

# HANDICRAFT CLINIC मा हस्तकला सम्बन्धी परामर्श सेवा

नेपाल हस्तकला महासंघद्वारा हस्तकला व्यवसाय तथा उद्योगमा संलग्न कलाकार, उद्यमी, व्यवसायी तथा उत्पादकहरुलाई सम्वन्धित क्षेत्रमा विद्यमान व्यवसायमा आईरहेको समस्याहरु समाधानमा सहयोग पुऱ्याउने सिलसिलामा आवश्यक परामर्श तथा सूचना उपलब्ध गराउने उद्देश्यले २०६५ बैशाख ८ गते देखि Handicraft Clinic संचालन गर्दै आएको छ । अतः सम्बन्धित उद्यमी व्यवसायीहरुले देहायको ठेगानामा सम्पर्क राखी तालिकामा उल्लेखित विषयमा परामर्श लिई आफ्नो व्यवसाय प्रबर्द्धन गर्नुहुन अनुरोध गरिन्छ ।

स्थान : हस्तकला डिजाइन तथा बिकास केन्द्र
लक्षित समुह : हस्तकला व्यवसायीहरु
दर्ता शुल्क : रु.५० प्रति व्यक्ति प्रति आगमन

परामर्श शुल्क : निःशुल्क
सम्पर्क स्थान : हस्तकला डिजाईन तथा बिकास केन्द्र
मचागाल, पुल्चोक, ललितपुर, फोन नं ५५२२८१५

## परामर्शदाताहरूको बिबरण तथा समय तालिका :

| क्र.सं. | दिन | परामर्शदाताको नाम | विशेषज्ञताको क्षेत्र | समय |
|---|---|---|---|---|
| १ | आइतबार | श्री राजकुमार शाक्य | धातुकला (माज्याथोज्या) | दिनको ४.००- ५.०० सम्म |
| २ | सोमबार | श्री चिनीकाजी ताम्राकार | चाँदीको गरगहना तथा वस्तु | " |
| ३ | मंगलबार | श्री सन्तकुमार शाक्य | धातु मूर्तिकला | " |
| ४ | बुधबार | श्री सानुराजा शिल्पकार | काष्ठकला, Prototype Development, Designing, Product Development, Handicraft Product Development for Interior Decoration | दिनको २.००- ३.०० सम्म |
| ५ | विहिबार | श्री दीपक जोशी | परम्परागत पौभा (थान्का) | दिनको ४.००- ५.०० सम्म |
| ६ | शुक्रबार | श्री लोक चित्रकार | परम्परागत पौभा (थान्का) | " |
| ७ | आइतबार देखि शुक्रबार | सुश्री अरुणा (माकिको मियाजाकी) जापानीज स्वयम सेवक | Pattern Making, सिलाई बुनाई, निर्यात गर्दा सामानमा ध्यान दिनुपर्ने कुराहरु, सामानको प्रदर्शन आदि सम्बन्धी | दिनको ३.००- ५.०० सम्म |

### महासंघको प्रकाशनहरू

1. The Iconography of Nepalese Buddhism — US$ 10.00
2. Short Description of Gods & Goddesses — US$ 03.00
3. Product Catalogue (8 Sheets per set) — US$ 03.00
4. Artistic Heritage of Nepal — US$ 10.00
5. Sacred Art of Nepal — US$ 30.00

(All price include mailing charges)

To

प्रकाशक:

नेपाल हस्तकला महासंघ
पो.ब.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७-१-४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

सम्पादक
देबराज बज्राचार्य, ऋषिराज सुवेदी